# सुम्निमा उपन्यासको विधातात्त्विक विश्लेषण

✱डा. कलावती रूपाखेती
**kalasharma013@gmail.com**

*अध्ययनसार*

*विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा (२०२७) उपन्यासमा मिथकका रूपमा पौराणिक उपकथालाई जोडेर नेपालको सामाजिक सांस्कृतिक घटनाको चित्रण गरिएको छ । यसमा दुई भिन्न संस्कृति आर्य सभ्यता र किरात सभ्यतालाई मूल कथ्य बनाई ती दुई सभ्यताको सम्मिश्रण गरी समन्वयवादी दृष्टिकोण प्रस्तुत गरेका छन् । नियम साधित आर्थ सभ्यताको अतिकठोर अनुशासन एवम् उन्मुक्त उडान भर्ने किरात सभ्यताको स्वच्छन्दताको सम्मश्रण नै मानवीय सभ्यताको मूल जरो बनेको स्वीकारोक्ति उपन्यासकार कोइरालाले यस उपन्यासमा व्यक्त गरेको पाइन्छ । प्राज्ञिक समस्याका रूपमा सुम्निमा उपन्यासमा कस्तो प्रकारको दर्शन प्रयोग गरिएको छ ।समस्या राखी सुम्निमा उपन्यासमा प्रयुक्त वेदान्त दर्शनको निरूपण गर्ने उद्देश्य क्रममा पुस्तकालयीय अध्ययनको उपयोग गरी विश्लेषण पश्चात्य दर्शनसिद्धान्तको प्रयोग गरिएको छ । यसअघि भए गरिएका पूर्वकार्यको सामान्य चर्चा गरी विश्लेषण तर्फ अघि बढिएको छ। सुम्निमा उपन्यासको परिचय रचनागर्न लगायतका विश्लेषणीय पक्षलाई अँगाल्दै उक्त उपन्यासमा प्रयुक्त विषयवस्तु, पात्र वा चरित्रचित्रण, भाषाशैली, उद्देश्य, वातावरण (परिवेश) आदिको विश्लेषण गरिएको छ र सुम्निमा उपन्यास समन्वयवादी उपन्यास हो भन्ने निष्कर्षमा पुगिएको छ ।*

**मुख्य शब्दावली** : सम्मिश्रण, स्वीकरोक्ति, यज्ञायवीत, आख्यकी, विलक्षणता, सर्वनाश, श्रङ्खला ।

## विषयपरिचय

'सुम्निमा' उपन्यास (२०२७) विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो उपन्यास हो । यसमा उपन्यासमा कोइरालाले आर्यपुत्र सोमदत्त र किरात पुत्री सुम्निमाको प्रेम सम्बन्धला विश्लेषण गरी समन्वयवादी विश्वृष्टिलाई चित्रण गरेका छन् । यस उपन्यासमा सूर्यदेशी सूर्यदत्तले आफ्नो एक्लो छोरो सोमदत्तलाई बाल्यकालमै उचित शिक्षा दीक्षाको प्रबन्ध गराउन महापण्डित पुरोदिवलाई आमन्त्रण गरी यज्ञोपवत संस्कार सम्पन्न गराएर चतराधामस्थित कुटीमा लिएर आएको कुरा घामझैँ छर्लङ्ग छ । बालकहरूसँग मिलेर बालक्रीडा आनुशासनमा रहेर नित्य कर्ममका साथै शिक्षाम्यास गर्दै गयो । बिहानभरिको नित्यकर्म र शिक्षाभ्यासपछि ऊ दिउँसो गाई लिएर कोशीको किनारमा जान्थ्यो । उसको भेट सुम्निमासँग भयो । बिस्तारै वयस्क भएपछि सुम्निमाको नखराका कारण सोमदत्त तपस्याका लागि मातापिताबाट आशीर्वाद लिएर गयो । ऊ निर्विकार भएर सुम्निमालाई सम्झन सक्ने भएर आश्रममा फर्कियो । उसले आमासित सोमदत्तको विवाहको कुरा र पितृऋण बारे बताएपछि सोमदत्तले ब्राहमण पुत्री पुलोमासँग संस्कारसहित समागम गरे पनि सन्तान प्राप्त नभएकाले सोमदत्तले बिजुवालाई सम्झियो । एक दिन ऊ बिजुवालाई भेट्न किरात गाउँतिर लाग्यो । धारामा पानी भर्दै गरेकी सुम्निमासित बिजुवाको घर सोध्यो । बिजुवाले सोमदत्तको मनुवा जगाउने उपायसहित सुम्निमालाई मनुवादहतिर पठायो । मनुवादहमा पुगेर सुम्निमाले सोमदत्तलाई भिल्लका परिधानमा सिंगारी शमीका रुखनेर पुऱ्याएर छाडी । उता पुलोमा पनि दिक्क मानेर आफ्नो बाल्य साथी भिल्ललाई सम्झिएर सुतेकी थिई । एउटा डल्लोले उसको शरीर थिच्यो । भोलिपल्ट उठी उनीहरू आ-आफ्नो कर्ममा लागि सोमदत्तको छोरो जन्मियो । आमाको स्याहारसुसार र छोराको लालनपालन गरिए । आमा मरी, सोमदत्त पनि मऱ्यो । सोमदत्तको छोरालाई सुम्निमाले घरमा लगेर पाली, सोमदत्तको छोरो र सुम्निमाकी छोरीले कोशी नदीमा गन्धर्व विवाह गरी सझक्यमा यो उपन्यास सैरचित देखिन्छ । नेपाली उपन्यास र उपन्यासकार (२०४३, पृ.३५६) मा कृष्णचन्द्रसिंह प्रधानले चेतन र अचेतन (नैतिक र अनैतिक) मनको द्वन्द्वपूर्ण रागात्मक वृत्ति वा पयार्यता सोमदत्त र पुलोमामा विश्लेषित छ र सुम्निमा उपन्यास यही मानसिकताको उद्घाटनमा निर्मित छ ।

छोरा व्याएको र अतृप्तको आन्तरिक असन्तोषले आफूहरूमा कुनै दोष त छैन भन्ने शंकाले दुवै आरोपित छन् । विश्वेश्वरप्रसाद कोइरालाको आख्यानकारिता (२०७३,पृ १५४) मा कृष्णविलास पौड्यालको कोइरालाले आफ्ना उपन्यासहरूमा प्रेमसम्बन्धी धारणाको व्याख्या गर्ने क्रममा अभिन्न प्रेमको महत्त्व प्रस्ट्याएका छन् । प्रेमको स्वरूप आत्माका बीच जोडिने जोडाइबाट प्रस्ट हुने भएकाले शरीरिक भोग वा सनीत्वको त्यसमा त्यति महत्त्व हुँदैन भन्न उनको विचार रहेको छ । ... सुम्निमामा पनि सोमदत्त र पुलोमाको विवाह र शारीरिक सम्पर्क भए पनि सोमदत्त सुम्निमालाई र पुलोमा मिल्ला युवकलाई आन्मिक रूपमा प्रेम गर्छन् भन्ने कुराको पुष्टि गर्दै मानसपुत्रको काल्पनिक अवधारणा प्रकट भएको पाइन्छ ।

✱ **लेखक त्रि.वि.अन्तर्गत त्रिचन्द्र क्याम्पसमा उपप्राध्यापकका रूपमा कार्यरत हुनुहन्छ ।**

ठाकुर पराजुलीले सात समालोचना (२०५५ पृ. ६) मा यौन भावनाको अर्को पाटो छ । विशेष परिस्थितिमा परपुरुषसँगको यौन सहभागिताबाट उब्जने मर्यादा उल्लङ्घनको प्रश्न विश्वेश्वरप्रसादले यस समस्यालाई सहज रूपमा लिएका छन् । अर्को दृष्टि जीवशास्त्रीय रहेको छ । मैथुनी सहवास प्राणीमात्रको अनिवार्य आवश्यकता हो ।

कृष्णविलास पौड्यालको आख्यानकार विश्वेश्वरप्रसाद कोइराला (२०६५ पृ. १०१) मा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू मनोविज्ञानका विभिन्न तथ्यहरूका प्रयोगभूमि हुन् । फ्रायडेली मनोविज्ञानबाट बढी प्रभावित कोइरालाका उपन्यासमा आचेतनको महत्त्वलाई दर्शाइएको हुन्छ र कुण्ठाबाट प्राप्त हुने विकृतिलाई सङ्केत गरिएको छ ।

कृष्णविलास पौड्यालले नेपाली आख्यान र नाटक (२०६१ पृ. २३५) मा सुम्निमा (२०२७) दुई भिन्न संस्कृति (हिन्दू र किरात)को समन्वयको गाथा गाइएको समस्याप्रधान उपन्यास हो । यस उपन्यासमा हिन्दू संस्कृतिमा आबद्ध भउका सोमदत्त र पुलोमा पुत्र प्रीपतका लागि शास्त्रसम्मत अनुष्ठान गरी यौन सम्पर्क राख्छन् तर प्रेमविनाको जबर्जस्ती यौन मिलनले गर्न नरहने मात्र होइन बरु मानसिक कुण्ठामा विकृति आउने तथ्यलाई स्पष्ट पारिएको छ ।

खेमनाथ कोइरालाले साहित्यकार विश्वेश्वरप्रसाद कोइराला (२०७० पृ. ६४) मा सुम्निमा उपन्यासमा ब्राह्मणको आत्मवाद, जनजातिको शरीरवादको द्वन्द्वमा नर-नारी सम्बध केलाउँदै शरीरकै अर्थात् जैविक मूल धर्म वा प्रकृतवादको प्रबलता छ । यो मानिसले कबोल्न खोजेको उच्चादर्श र शरीरको मूल धर्मका बीच इद र वासना बीचको द्वन्द्वको आख्यानात्मक उत्कृष्ट कृति हो ।

चन्द्रमणि अधिकारीले विश्वेश्वरप्रसाद उत्कृष्ट कृति हो । उपन्यासहरू (२०६५ पृ. ५५) मा विजुवाले सोमदत्तको मनुवा रिसाएको निर्क्यौल गर्दछ र रिसारको मनुवालाई खुसी तुल्याएमा सन्तान प्राप्त हुने कुरा गर्छ । सोमदत्तको रिसाएको मनुवालाई खुसी तुल्याउने कार्य गर्न विजुवाले सुम्निमालाई अह्राउँछ ।

माथिको पूर्वकार्यको समीक्षा गर्दा विश्वेश्वरप्रसाद कोइराला मूलतः फ्रायडवादी चिन्तनमा आधारित यौन मनोविश्लेषण र अंशतः सार्त्रवादी अस्तित्ववादी चिन्तनलाई आख्तियार गरी सुम्निमा उपन्यासको रचना गरेको पाइन्छ । नेपाली सीहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको विशिष्ट स्थान छ ।

**विश्लेषण विधि र सैद्धान्तिक पर्याधार**

प्रस्तुत अलेखमा 'सुम्निमा' उपन्यासमा प्रयुक्त मनोविश्लेषण अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा उपन्यासमा प्रयुक्त यौन मनोविज्ञान, ब्राह्मणवाद र किराती तथा तिनको परिचय, कथावस्तु, पात्र वा चरित्रचित्र, भाषाशैली, उद्देश्य आदिको विधातात्त्विक विश्लेषण गरिएको एवम् आगमन र निगमन विधिको प्रयोग गरिएको छ । सुम्निमा उपन्यासको विश्लेषणका क्रममा सम्बद्ध विषयका पुस्तकबाट तथ्य ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा पाश्चात्य साहित्यमा देखापरेको यौन मनोविज्ञान र पूर्वी दर्शनमा अवलम्बित ब्राह्मणवाद यी दुवैलाई समन्वय गरी लेखिएको सुम्निमा उपन्यासलाई छनोट गरी तिनको परिचय, प्रयोग क्रीडाभूमिसम्बन्धी वर्णन र विश्लेषण गरिएको छ । त्यसक्रममा गुणात्मक र परिमाणात्मक दुवै प्रकृतिका ढाँचा एवम् आगमन, निगमन विधिको प्रयोग गरिएको छ । मानसिक उहापोहको विश्लेषणका क्रमम सम्बद्ध विषयका पुस्तकबाट तथ्य ग्रहण गरी अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत लेखमा सैद्धान्तिक पर्याधारका रूपमा पाश्चात्यपूर्वीय दर्शनलाई उपयोग गरिएको छ । त्यसक्रममा सिमण्ड फ्राइड, एडलर र जुङ तथा प्राच्य दर्शनसम्बन्धी मान्यता र परिभाषालाई समेटी पूर्वीय पाश्चात्य यौनवादी चिन्तनसम्मको निष्कर्ष निकालिएको छ ।

**कथावस्तु**

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले सुम्निमा (२०२७) को रचना गर्दा पौराणिक उपकथालाई जोडेर नेपालको वर्तमान सामाजिक-सांस्कृतिक घटनाको चित्रण गरेका छन् । यस उपन्यासमा उपन्यासकारले दुई भिन्न संस्कृति- आर्य सभ्यता र किरात सभ्यतालाई मूल कथ्य बनाई ती दुई सभ्यताको सम्मिश्रण गरी समन्वयवादी दृष्टिकोण प्रस्तुत गरेका छन् । नियम साधित आर्य सभ्यताको अति कठोर अनुशासन एवम् उन्मुक्त उडान भर्ने किरात सभ्यताको स्वच्छन्दताको सम्मिश्रण नै मानवीय सभ्यताको मूल जरो बनेको स्वीकारोक्ति उपन्यासकार कोइरालाले यस उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

संरचनागत दृष्टिले सुम्निमा उपन्यास तीन खण्ड : उपकथा, मूलकथा र उपसंहारमा विभक्त छ । यस उपन्यासमा प्रयुक्त उपकथाले पाठकको ध्यान आकृष्ट गरी अति प्राचीनतातिरको यात्रा गराउँदै कौशिकी नदीको किनारमा अवस्थित वराह क्षेत्रको विस्मृत घटनालाई पुनः स्मरण गराउँछ । यस उपन्यासको मूलकथाले पनि कार्य क्षेत्रका रूपमा त्यही थलोलाई रोजेको छ । त्यहाँ वन-जङ्गलको कन्दमूल र फलफूलले भरिभराउ भएकाले तापसी ब्राह्मण

दम्पतीले त्यही थलोलाई आश्रम बनाएको घटना उल्लेख गरिएको पाइन्छ । उक्त दम्पती गार्हस्थ जीवन छाडेर एउटा पुत्रका साथ तपस्या गर्नका लागि त्यहाँ आएका थिए । उनीहरूका लागि वानप्रस्थ कालयापन गर्नुका साथै छोरालाई ब्राह्मणोचित सत्धर्म सिकाउनु र उसको जीवनलाई आवश्यक पर्ने उच्च शिक्षा दिन सजिलो होओस् भन्ने उनीहरूको मूल चाहना थियो । त्यसैले उनीहरू छोरालाई किशोर अवस्थामा नै कठोर अनुशासनमा राखेमा आदिकालमा ऋषिहरूको समकक्षी बन्न सक्छ भन्ने सोचाइ थियो । छोरो पनि मेधावी थियो । आरण्यवासी हुनुभन्दा पहिले छोराको यज्ञोपवीत संस्कार (व्रतबन्ध) सम्पन्न गर्ने विचारले एकजना महापण्डितलाई पुरोहित नियुक्त गरी द्विज धर्मानुसार छोराको व्रतबन्ध पनि सम्पन्न गरे । यसरी छोराको यज्ञोपवीत संस्कार सम्पन्न गर्नासाथ उक्त ब्राह्मण दम्पतीले छोरालाई लिएर वनतर्फ प्रस्थान गरे । गाउँवासीहरूले पनि उनीहरूको मङ्गल कामना गरी सबैले विदा दिए । बटुक सोमदत्त पनि पुस्तकको पोको सम्हाल्दै छिटोछिटो हिँडिरहेको थियो । ग्रामवासीहरूले उसको विलक्षणता देखेर ममताको आँसु बगाए । उक्त रात सारा गाउँमा पुराणादि ऋषिहरूका कथा सुनाइए । वराह क्षेत्रस्थित चतराको आश्रममा पुगेपछि सोमदत्तको आरण्यको जीवनको व्रत आरम्भ भयो । अन्य बालकहरूका साथ मिलेर बालक्रीडा गर्ने समयमा ऊ विद्याभ्यासमा लाग्यो । माता-पिताको कठोर अनुशासनमा रहेर उसले नित्य कर्मका साथै शिक्षाभ्यास गर्दै गयो । बिहानभरिको नित्यकर्म र शिक्षाभ्यासपछि ऊ दिउँसो गाई लिएर कोशीको किनारमा जान्थ्यो । गाई चराउँदा ऊ केही घडी बन्धन मुक्त हुन्थ्यो । निद्रा लाग्दा त्यहींको शमीको फेदमा पाखुराको सिरान बनाएर कुक्रुक्क पर्थ्यो । त्यसरी वनवास गरेको प्रारम्भमै एउटी बालिकासित उसको भेट भयो । शमीको फेदमा एउटा अपरिचित बालक यसरी अप्ठ्यारोसित सुतेको देखेर त्यो बालिका पनि चकित भई । चरेर पेट भरिसकेपछि गाई कराउँदा सोमदत्तको निद्रा भङ्ग भयो । आर्यवासी सोमदत्त र किरात पुत्री सुम्निमाका बीच परिचय हुँदा सुम्निमाले किरातकी छोरी भनेर आफूलाई चिनाई भने सोमदत्तले आफूलाई आर्यवंशी सूर्यदत्तको पुत्र भनेर वंश परम्परालाई अघि सार्‍यो । भोलिपल्ट पनि सोमदत्त र सुम्निमाको भेट भयो । त्यस दिन दुवैले आ-आफ्ना धर्म-संस्कृतिका बारेमा बहस गरे । अर्को दिन सोमदत्त गाई लिएर शमीको रूखमा गएन, सुम्निमा दिनभरि दिक्क मानेर एक्लै बसिरही । त्यस दिन त्यस क्षेत्रको विजेता राजकुमार मृगको शिकार खेल्न त्यहाँ आएको थियो । उसले त्यहाँ ब्राह्मणको कुटी भएको चाल पाएर सैन्यहरूलाई टाढै राखी आश्रममा गयो । ब्राह्मणले वरिपरि गोबध हुने चर्चा गरे । त्यसैले राजकुमारले किरात, भिल्लहरूलाई भेला गराई ब्राह्मण परिवारको संरक्षण गर्नु आफ्नो परमकर्तव्य भएको जनायो । किरात र भिल्लहरूले पनि ब्राह्मण परिवारको मद्दत गरेको बताए । राजज्ञाबाट तपोभूमिको वरिपरि हिंसा वर्जित गरियो । सभा विसर्जन भएपछि सबै नरनारी आ-आफ्नो घरतिर गए । उता दिनभरि सोमदत्तलाई कुरेर निराश भएर घर फर्किएकी सुम्निमाले घरमा कोही नदेखिएपछि रुँदै-कराउँदै आमालाई बोलाइरहेकी थिई । त्यतिखेर उसले सोमदत्तलाई पनि सम्झिई । बिस्तारै मानिसहरूको कङ्ल्याङमङ्ल्याङ आवाज सुनियो । बाबु-आमालाई देखेपछि सुम्निमा आश्वस्त भई । बिजुवाका साथ लागेर एउटा भिल्ल युवक पनि त्यहाँ आएको थियो । बिजुवा र भिल्ल युवकका साथ विचार-विमर्श आरम्भ भयो । भिल्ल जङ्गलभित्रको आफ्नो रीति-थिति नछाड्ने, आश्रमलाई ध्वस्त पारेर युद्धको घोषणा गरी समर चलाउने विचारको थियो । बिजुवा भने शान्तिको पक्षधर थियो । युद्धले जातिको विनाश गर्ने हुनाले उनी युद्धलाई सर्वनाशको रूपमा हेर्दथे । सुम्निमा चाहिँ रातभरिको छलफलको परिणाम सुनाउने हतारमा थिई । त्यसैले भोलिपल्ट हतारमा कोशी तटमा ओर्ली भने सोमदत्त पनि आश्रमको घटना सुनाउन व्यग्र देखिन्थ्यो । दुवैले आ-आफ्ना संस्कृतिका कुरा सुनाए । यसरी नै उनीहरूको दिन बित्दै जाँदा गर्मीको दिन पक्षीहरू झ्याम्म परेका हाँगामा खेल्दै थिए । बालुवा तातेर वाफ उडिरहेको थियो । त्यसै समयमा राता खुट्टा भएको एउटा परेवा सिमलको रूखमा बस्न खोजेको मात्र के थियो, बाजले आक्रमण गर्‍यो । सोमदत्तको चीत्कार सुनेर बाजले छाड्दा उक्त परेवा तल खस्यो । दुवैले धर्म-अधर्म, हिंसा-अहिंसाका कुरा गरे र बेलुका आ-आफ्ना घरतिर लागे । अर्को दिन सुम्निमाले आफ्नो रूपको वर्णन गरेर सोमदत्तको ध्यान आफूतिर आकर्षण गर्ने असफल प्रयास गरी । सोमदत्तले शरीरलाई पापको खाडल भनेर तिरस्कार गर्‍यो । सोमदत्तले सुम्निमालाई लुगा लगाउन भन्दा सुम्निमाले लुगाले जीउ ढाक्दा लाज लाग्ने कुरा बताई । दुवै क्रमशः युवावस्थामा प्रवेश गर्दै थिए । सोमदत्तले वेद-उपनिषद् आदिको अध्ययन गरेर आफूलाई काम-वासनाउपर विजय प्राप्तिको लक्ष्य बनाएको थियो । त्यसैले सुम्निमालाई उसको भावना विपरीत उसको परीक्षार्थ पठाइएको मोहरूप ठान्दथ्यो । त्यसपछि दुवैको भेट भए पनि प्रायः कुराकानी हुँदैनथ्यो । सुम्निमा पनि टोलाएर बस्न थालेकी थिई । दुवैमा ढिपी थिएन । सुम्निमाले सोमदत्तको ध्यान आकृष्ट गरेपछि ऊ सरासर आश्रममा गएर पद्मासनमा बस्न थाल्यो । सुम्निमासँगको हावभाव-कटाक्षले गर्दा सोमदत्तको विचार शृङ्खला भङ्ग हुन्थ्यो । त्यसैले सोमदत्तले सुम्निमाको आश्वासनलाई तिरस्कार गर्दै आश्रममा फर्कियो र मातापितासँग आशीर्वाद लिएर कठोर तपस्याका लागि प्रस्थान गर्‍यो । ऊ आश्रमबाट विजयको स्वप्न लिएर निस्किएको थियो । त्यसैले निराहार बसेर कठोर तपस्या गर्न थाल्यो । निर्विकार भएर सुम्निमालाई सम्झन सक्ने भएपछि ऊ पुनः आश्रम फर्कियो ।

आश्रममा आएर बाबु आमालाई आफू इन्द्रियजयी भएको बतायो । आमाले सोचका साथ सोमदत्तको विवाहको कुरा उठाइन् । पितृऋणबाट मुक्त हुनका लागि विवाह गर्न उसले मञ्जुर गऱ्यो । एक दिन एउटा ब्राह्मण दम्पती पनि एउटी कन्याका साथ त्यही आश्रममा आइपुग्यो । सोमदत्त र उक्त ब्राह्मण कुमारीका साथ विवाह भयो । छोरा-छोरीको विवाह पछि वृद्ध बाबुआमाहरू सन्न्यास धर्मग्रहण गरी देश त्याग गर्ने विचारले आश्रम छोडेर वनतिर प्रवेश गरे । त्यसपछि सोमदत्त र पुलोमा आश्रमको प्रधान कुटीमा प्रवेश गरे । उनीहरूले वैदिक कार्यमा दिन बिताउन थाले । पुलोमा वयस्क भएपछि रज-दर्शन प्राप्त भयो । पुत्रेष्टि अनुष्ठान गरी शयनकालमा दुवै एकाकार भए । समागम विधि सम्पन्न गर्दा दुवैको शरीर अत्यन्त क्लान्त भएको थियो । महिना दिनमा पुलोमा पुनः ऋतुकालमा प्रविष्ट भई । एवं रीत उनीहरू पुत्रेष्टि अनुष्ठानमा संलग्न हुँदै गए । बिस्तारै बिस्तारै असफलताको दोष एक अर्कामा लगाउने र तनावको स्थिति सृजना भयो । त्यसैले सोमदत्तले बिजुवालाई सम्झन पुग्यो । ऊ सरासर किरात गाउँतिर उकालो लाग्यो । बिजुवालाई भेटेपछि उसले आफ्नो समस्या बताइदियो । सुम्निमा पनि घरमा आइपुगी । एकछिन दुवै बोल्न सकेनन् । सुम्निमाले सोमदत्तको शरीर छामेर चिन्ता व्यक्त गरी । बिजुवाले सोमदत्तको मनुवालाई खुसी पार्ने उपाय बताइदियो । आवश्यक सामग्री लिएर सुम्निमाले सोमदत्तको हात समाउँदै मनुवा-दहतिर लिएर गई । मनुवा-दहलाई प्रकृतिले सिंगारेको थियो । देवीथानमा पुऱ्याएर उसले सोमदत्तलाई उसको आश्रम भएको ठाउँ देखाइ दिई तर सोमदत्तले उक्त स्थल देख्न सकेन । त्यसपछि झ्याङ पन्छाउँदै दुवै जना वनको एकान्तताको एकान्त कुनामा प्रवेश गरे । सुम्निमाले झोलाबाट सामग्री निकाली, दुवैले दुध र मह खाए । मनुवा खुसी तुल्याउने विधि सम्पन्न गरेपछि सुम्निमाले सोमदत्तलाई भिल्ल युवकको परिधानमा सिङ्गारेर शमीको रूखमुनि पुऱ्याएर छाडिदिई ।

उता पुलोमा अल्छी मानी-मानी उठी र कोशीमा गएर नुहाई । त्यस वेलासम्म सोमदत्त कुटीमा नफर्किएकाले उसलाई आश्चर्य लाग्यो । उसले विगतका सबै घटना सम्झन थाली । त्यस वेला उसले एउटा भिल्ल केटोलाई पनि सम्झिई । राति सुत्दा पनि भिल्ल युवकको सम्झना गरेकी थिई । तन्द्रावस्थामा एउटा डल्लो प्रबल वेगका साथ उसका कोठामा प्रवेश गऱ्यो । उक्त छायाले पुलोमाको शरीर ढाकिदियो । अर्को दिनदेखि हर्ष र विस्मात्का साथ दुवैजना आ-आफ्नै काममा तल्लीन भए । महिना पुगपछि पुलोमाको ऋतृ रोकियो । पुलोमाले छोरो जन्माई । सोमदत्तले छोराका लागि उचित शिक्षा-दीक्षाको प्रबन्ध गरेन । छोरो पनि हुर्किंदै गयो । कोशी नदीको किनारमा गाई चराउन थाल्यो । त्यहाँ उसको भेट सुम्निमाकी छोरीसित भयो । यी दुवै जना साथी-साथी भएर कोशीको किनारमा स्वच्छन्द रूपमा खेल्दथे । आश्रममा भने यज्ञादि सबै कार्य रोकिंदै गएको थियो । छोरो पाएपछि पुलोमाको शरीर दिनपरदिन बिग्रिंदै गयो । सोमदत्त पनि स्याहार नपाएर रुग्ण बन्दै थियो । दुवै एक-एक गरेर मरे । सोमदत्तको छोरालाई सुम्निमाले आफ्ना घर लगेर राखी । सुम्निमाकी छोरी र सोमदत्तको छोरा हुर्किंदै गए । कहिले गाउँघर चाहार्ने , कहिले वनजङ्गल घुम्ने र कहिले आश्रम पुग्ने गर्दै एक दिन उनीहरूले कोशी नदीको किनारमा गान्धर्व विवाह गरे । मर्नुअघि सुम्निमाले नाति देख्न पाई । आश्रमका कुटी पनि एक-एक गर्दै लड्न थाले, त्यहाँ रूखबिरुवा उम्रिएर  जङ्गल बन्यो । बुढो होउञ्जेलसम्म पनि सोमदत्तको छोराले दक्षिणतिरको ठूलो ढुङ्गामा बसेर तलको जङ्गललाई हेरिरहन्थ्यो र आफ्ना छोराछोरीहरूलाई त्यहाँ तिमीहरूको जिबाको आश्रम थियो थियो भन्ने गर्थ्यो । पछि त्यहाँ किरातहरूले शिकार खेल्ने गर्न थाले ।

सुम्निमा सरल कथावस्तु भएको उपन्यास हो । उपन्यासकार कोइरालाले विवेच्य उपन्यासलाई आदि, मध्य र अन्त्यका शृङ्खलामा कथावस्तुको विकास गरी आकर्षक रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासको आदि भाग चतरास्थित वराह क्षेत्रबाट आरम्भ भएर मूल कथानकका साथ अन्य अवातन्तर कथा जोडिदै सुम्निमाले सोमदत्तलाई आकर्षण गर्दासम्म फैलिएको छ । ब्राह्मण दम्पत्तीले वानप्रस्थका लागि कोशी नदीको जङ्गली क्षेत्रलाई रोज्नु, एउटा मात्र छोरो सोमदत्तलाई उचित शिक्षा-दीक्षा दिने उद्देश्यले सँगै लैजानु र कठोर अनुशासनमा राख्नु, सोमदत्तको भेट सुम्निमासँग हुनु, उनीहरूका बीचमा बालसुलभ प्रेम गरिनु, सोमदत्तले काम-वासनालाई दमन गर्न चेष्टा गर्नु र उसका मनमा बारम्बार सुम्निमाको याद आउनु, सुम्निमाले नखरा गरेर सोमदत्तलाई आफूप्रति आकर्षण गर्न खोज्नु, सोमदत्तले शरीरलाई पापको खाडल मान्नु र पद्मासन बाँधेर काम-वासनालाई दमन गर्न खोज्नु कथानक विकासको आदिभाग हो । सुम्निमाको नखराबाट मोह भङ्ग भएको सोमदत्त सरासर आश्रममा गएर तपस्याका लागि प्रस्थान गर्नु, कठोर तपस्या गरेर सुम्निमालाई भुल्न प्रयास गर्नु, निर्विकार भएर सुम्निमालाई सम्झन सक्नु, इन्द्रियजयी भएर आश्रम फर्कनु र विवाह हुनु, पुलोमासँगको यौन समागमपछि पनि पुत्र प्राप्ति नहुनु, पुत्र प्राप्तिका लागि बिजुवालाई सम्झनु, मनुवा-दहमा पुऱ्याएर सुम्निमाले सोमदत्तको मनुवालाई खुसी पार्नु र भिल्ल युवकको परिधानमा सिङ्गारी शमीका फेदमा पुऱ्याएर छाडिदिनु कथानक विकासको मध्यभाग हो । आश्रममा एक्लै बसेकी पुलोमाले दिनभरि भिल्ल युवकलाई सम्झनु, राति सोमदत्त भिल्ल युवकका परिधानमा पुलोमाका कोठामा प्रवेश गरी शरीर भोग गर्नु, भोलिपल्टदेखि एक आपसमा मनोमालिन्य बढ्दै गएर बोलचाल बन्द हुनु, पुलोमाले छोरो पाउनु, उक्त छोरालाई भिल्ल युवकको प्रतीक

स्वरूप ठहराई उचित शिक्षा-दीक्षाको प्रबन्ध नगर्नु, पुलोमा र सोमदत्त एक-एक गर्दै मर्नु र सोमदत्तका छोरालाई सुम्निमाले पाल्नु, सोमदत्तको छोरो र सुम्निमाकी छोरीका साथ गान्धर्व विवाह हुनु कथानक विकासको उपसंहार खण्ड हो । सोमदत्तका छोराले बारम्बार दक्षिणतिरको ठूलो ढुङ्गामा गएर आश्रमतिर हेरी आफ्ना छोराछोरीलाई आश्रम देखाउनु र उक्त आश्रममा जङ्गलले ढाकेको  घटना प्रस्तुत गरी उपन्यास सकिन्छ ।

**पात्र वा चरित्रचित्रण**

यस उपन्यासमा औपन्यासिक घटनालाई गतिशील बनाउँदै लक्षित उद्देश्यसम्म पुऱ्याउने पात्रहरू सशक्त रूपमा क्रियाशील रहेका छन् । पात्रकै सक्रिय क्रियाकलापमा दुई भिन्न संस्कृति, भिन्न विचार र बेग्लै भावनालाई कुतूहलमय ढङ्गले विकास गरिएको पाइन्छ । यस उपन्यासमा आएर औपन्यासिक घटनालाई जीवन्त रूपमा विकास गर्न सक्रियता देखाउने पात्रहरूमा सोमदत्त, सोमदत्तका बाबुआमा, सुम्निमा, बिजुवा, पुलोमा, पुलोमाका बाबुआमा, राजकुमार, भिल्ल केटो, सुम्निमा र सोमदत्तका छोरा-छोरी, गाउँलेहरू रहेका छन् । यीमध्ये सुम्निमा र सोमदत्तको प्रमुख भूमिका रहेको छ । बिजुवा, पुलोमा, सोमदत्तको छोरो, सुम्निमाकी छोरीको सहयोगी भूमिका र अन्य चरित्रको गौण भूमिका देखिन्छ । यीमध्ये प्रमुख पात्रहरूको  चरित्रचित्रण तल प्रस्तुत गरिएको छ ।

**क.  सोमदत्त**

सोमदत्त यस उपन्यासको प्रमुख पात्र हो । उपन्यासको आरम्भमै उसलाई मेधावी व्यक्तिका रूपमा चित्रित गरिएको छ । उसलाई बाबुआमाले कठोर अनुशासनमा राखेर आर्य-संस्कृतिअनुरूप वेद, उपनिषद्, वेदान्त दर्शन एवम् कर्म काण्डको शिक्षा-दीक्षा दिइएकाले आर्य सभ्यताका अनुयायीका रूपमा सोमदत्तको चारित्रिक विकास भएको छ । अन्य बालकहरूजस्तै बालक्रीडामा रमाउने वेलामा उसलाई बाबुआमाले कठोर अनुशासनमा राखेकाले सोमदत्त विद्याभ्यास गर्न लागेको हुन्थ्यो । ब्राह्म मुहूर्तमा उठ्नु, कोशी नदीमा स्नान गर्नु, आश्रममा फर्किएर यज्ञादि कार्यमा सरिक हुनु र विद्याभ्यासपछि कोशी तटमा गाई चराउन, जानु सोमदत्तका दिनचर्याहरू थिए । कोशी नदीका किनारमा गाई चराउन जाँदा उसले किरातबाला सुम्निमालाई भेट्यो । सुम्निमासँगको बाल्यकालीन प्रभाव उसका मानसपटलमा सदाका लागि अविजेय बनेर बसेको देखिन्छ । आरम्भमा सोमदत्तलाई कौपिन लगाएको र हातमा सानो पुस्तकको पोको च्यापेको जटामय शिखा, भभूत-वेष्टित शरीर, त्रिपुण्ड शोभित ललाट तथा कटीमा कौपिन र लगौंटी पहिरिएको ब्राह्मणोचित पहिरनमा देखाइएको छ । उसलाई आर्यवंशी ब्राह्मण सूर्यदत्तको छोराको रूपमा चिनाइएको छ । ऊ निकै शान्त प्रकृतिको गम्भीर देखिन्छ । उसले आफू ब्राह्मण भएकाले तप बलबाट प्राप्त गर्ने र यज्ञ, धर्म-कर्म, नियम-साधना गरी मानवताबाट मुक्ति पाउने आशा गरेको छ । उसले राजकुमारबाट तपोक्षेत्रमा गोबध र हिंसा वर्जित गरिएको घटनालाई अपूर्व शुभ दिनका रूपमा लिएको छ । उसले  वेद, उपनिषद् र धर्मग्रन्थको राम्रो अध्ययन गरेको पाइन्छ । त्यसैले सुम्निमालाई सम्झाउँदै देवताका सम्बन्धमा तिमीहरू अन्धकारको गहन अन्कारमा छौ । देवताका सत्य र रूप त हाम्रो हृदयभित्र निवास गर्छ । त्यो हृदयको देवता र ब्राह्मणमा व्याप्त देवता एउटै हो -आत्मा र परमात्मा । यज्ञ-दानादिले स्वर्गलोक, प्रेतलोक आदि अनेकानेक लोकका देवी-देवतालाई तृप्त पार्दै आफ्नो आत्मामा रहेको परब्रह्म रूप परमेश्वरको पनि आराधना हुन्छ भन्ने गर्दथ्यो । त्यसैले उसले किरातबाला सुम्निमालाई एकदम अपठित, ज्ञान, शून्य, र घोर अज्ञान र अन्धकारमा रहेको बताउँदै उसप्रति दयाको भाव जागृत भएको बताउँछ । उसले मानव शरीरलाई पापको खाडल सम्झन्छ र सुम्निमालाई लुगा लगाएर उसको शरीर ढाक्न अह्राउँछ । एवं रीतले सोमदत्त वयस्क बन्दै गयो । उसले उच्चतर शिक्षा ग्रहण गर्दै गयो । उसले बाबुबाट-बाह्य शरीरजनित मोहले ज्ञानलाई व्याप्त गरी अन्तिम तथा सर्वशक्ति सम्पन्नताका साथ मनुष्यको आत्मउपर आक्रमण गर्दछ । यौनको यो कठोरतम परीक्षाबाट उत्तीर्ण हुनसक्यौ भने परमपद प्राप्तिको तिम्रा मार्ग सलभ हुनेछन्, नत्र अहिलेसम्मको तिम्रो प्रयन्त विफल हुनेछ, तिम्रो तपस्या नष्ट हुनेछ, व्रत खण्डित हुनेछ भन्ने शिक्षा पाएको थियो । सोमदत्तलाई पनि यसको राम्रो ज्ञान थियो । अरू किसिमका सम्पूर्ण माया-मोहका उपर विजय प्राप्त गर्न सकेका ऋषिमुनिहरू पनि यौनका वशमा परेर पदच्युत भएका वृत्तान्त उसले ग्रन्थहरूमा पढेको थियो । त्यसैले सोमदत्तले काम वासनाउपर विजय प्राप्त गर्नुलाई महान् विजय मान्दथ्यो । उसले विषयवासनालाई निकृष्ट तत्त्व र शरीरको आनन्दलाई विषको रूपमा हेर्दथ्यो । यौवनको प्रचण्ड उन्मादलाई दमन गर्नु यथार्थमा अति कठिन तपस्या हो भन्ने सोमदत्तले अनुभव गर्दै गएको थियो । त्यसैले पनि ऊ यस, नियम, निधिध्यान आदि योगका अष्टमार्गको अभ्यासमा संलग्न हुन्थ्यो । यो शरीररूपी रथमा जोतिएका इन्द्रियरूपी पाँच संवेग अश्वलाई मनरूपी सारथीको वशमा राख्न सक्नुपर्छ नत्र यसको परिणाम सर्वनाश हुन्छ भन्ने सोचाइ राख्दथ्यो । अरण्यवासी भएकाले उसले सुम्निमाभन्दा बाहेक कुनै पनि युवतीलाई देख्न पाएको थिएन । त्यसै हुनाले यौवनको विनाशकका रूपमा सुम्निमा मात्र उसको सामु उपस्थित भइरहन्थी । त्यसैले यौवनको मदले

भरिएकी चाञ्चल्यका साथ सदासर्वदा सुम्निमाको चित्र उसको मानसिकतामा उपस्थित हुन्थ्यो र उसले सुम्निमालाई कतै ईर्ष्यावत् देवताले परीक्षार्थ पठाइएकी मोहरूप सोच्दथ्यो । सुम्निमाप्रति जतिजति आकृष्ट हुन्थ्यो त्यति उसले आफ्नो मनलाई तपस्यातिर लगाउँदै गयो । सोमदत्तले आफ्नो ध्यानलाई बाह्य जगत्बाट खिच्दै आत्मान्तरमा बाँधेर राख्थ्यो । त्यसैले ऊ टोलाएर बस्थ्यो । उसलाई जति परोक्षमा अन्तर्पीडाको बोध हुन्थ्यो । सुम्निमासँग साक्षात्कार हुँदा अनायसै परिष्कृत र संयममा रहन्थ्यो । यौन उन्मुक्त सुम्निमाको आह्वानसहित कपालको गन्ध सोमदत्तको कानसम्म पुग्यो । सुम्निमा उत्ताउली भएर नर्तक गर्दै पानीभित्र पसेर जलक्रीडामा लागी टाढा बसेकी सुम्निमाले सोमदत्तको शरीरलाई वेगसाथ हल्लाइरहेकी थिई । सोमदत्तको संयमले उक्त वेगलाई धान्न सक्ने स्थिति थिएन । सोमदत्तले आफ्नो शरीरलाई नियन्त्रण राख्न र सुम्निमाको नग्न शरीरको आकर्षणलाई सहन गर्न नसक्ने अनुभव गर्न थालेको थियो । ऊ आफ्नो सङ्कल्पमा दृढ हुँदै सुम्निमालाई टाढा जान अह्रायो ।

सुम्निमाबाट पराजित भएको सोमदत्त आश्रमले आफ्नो तपस्यामा बाधा पुऱ्याएको महसुस गरी तपस्या गर्न भनी आश्रमबाट निस्किएर हिँड्यो । ऊ निस्कँदा विजयको स्वप्न लिएको थियो । उसमा मनमा नजानिँदो किसिमले सुम्निमा बस्दै आएकी थिई । त्यसैले सुम्निमाको रूपले उसको अन्तर्मर्मलाई च्वास्स-च्वास्स घोचिरहन्थ्यो । त्यसैले आफ्नो मनलाई निर्मूल पार्न कठोर तपस्या आरम्भ गरेको थियो । उसले प्रत्येक प्रयासमा आफ्नो मनलाई नियालेर हेर्ने गर्थ्यो । उसले आफ्नो शरीर सुकाएर, शरीरका केही भाग अग्निमा होमेर कठोर तपस्या गऱ्यो । उसले अनेक प्रयोगद्वारा आफूलाई वासनाशून्य बनाउँदै गयो । एक दिन उसले आफ्नो तपस्या सफल भएको अनुमान गऱ्यो । एउटी नग्न तरुणी जलक्रीडा गर्दै गरेको देख्यो । उसले निर्विकार भएर सुम्निमालाई सम्झन सक्ने भएर आश्रम फर्कियो । बाबुआमाको करबलले पितृऋणबाट मुक्त हुनका लागि पुलोमासँग विवाह गऱ्यो । पुत्रेष्टि अनुष्ठान गरी पितृऋणबाट मुक्त हुने उपाय खोज्यो । एक दिन निराश भएर ऊ बिजुवालाई सम्झन थाल्यो । बिजुवाको सल्लाह र सुम्निमाको प्रयासले सोमदत्तको मनुवालाई शान्त पारी उसको एउटा छोरो जन्मियो ।

समग्रमा सोमदत्तको जीवन कठोरतम अनुशासनमा बितेको देखिन्छ । बाल्यकालमा अनायासै भेट भएकी सुम्निमा उसको जीवनभर छाया बनेर पछ्याइरही । सोमदत्तको जुन उद्देश्य थियो कुनै पनि पूरा हुन सकेको देखिदैन । पत्नीप्रेमबाट विमुख बनेको सोमदत्त अन्जानमै सुम्निमालाई प्रेम गर्दथ्यो । तपस साधनाबाट पनि सोमदत्त पतन भएको र पितृऋणबाट पनि मुक्त हुन नसकेको एउटा निरीह दुब्लो, ख्वाउने चरित्रका रूपमा सोमदत्तको चरित्रचित्रण गरिएको छ । जीवनमा उच्च आकाङ्क्षा राखे पनि सोमदत्तले न्यूनतम लक्ष्य प्राप्त गर्न नसकी सबैतिर पराजय भोग्न विवश देखिन्छ । बिजुवासँगको परामर्श र सुम्निमाबाट यौनेत्तेजना प्राप्त गरी पुलोमालाई सुम्निमाकै प्रतिच्छाया देखेर समागमबाट जन्मिएको छोरालाई उसले सधैं भिल्ल युवकको प्रतीकको रूपमा हेरेको पाइन्छ । उसले सफल प्रेमी, आदर्श तपस्वी, कुशल गृहस्थी एवम् गरिमामय बाबु कुनैको पनि सफल भूमिका निर्वाह गर्न सकेको छैन । ऊ आर्य परम्पराको कठिनतम साधना गर्ने अन्तिम साधकका रूपमा चित्रित देखिन्छे । यस उपन्यासमा निस्सार जीवन भोग्ने पात्रका रूपमा सोमदत्तको चरित्राङ्कन गरिएको छ ।

**ख. सुम्निमा**

सुम्निमा यस उपन्यासकी प्रमुख नारी चरित्र हो । सुम्निमाकै नामबाट यस उपन्यासको शीर्षक राखिएको छ । उसलाई आरम्भमा एउटी अबोध, अपठित एवम् असभ्य जङ्गली जातिका रूपमा चिनाइएको छ । स्वच्छन्द भ्रमण गर्ने नग्न रूपमा विचरण गर्ने किरातपुत्री सुम्निमा उपन्यासको आरम्भदेखि अन्त्यसम्म आफ्ना सिद्धान्तमा अडिग रहन्छे । कोशीका किनारमा एउटा विशाल शमीको फेदमा पाखुराको सिरान बनाएर कुक्रुक्क परी निदाएको एउटा अपरिचित व्यक्तिलाई देखेर ऊ चकित हुन्छे । उसलाई उक्त व्यक्तिको रूपरङ्गले आश्चर्य लाग्छ । ऊ निश्छल खालकी किराँत पुत्री थिई । उसले आफूलाई किरातकी छोरी सुम्निमा भनेर चिनाएकी छ । उसले किराँती संस्कारअनुसार आमाले जन्माएको हुँनाले पहिला आमालाई मान गर्नुपर्ने, मानिस भएर मानिसकै चलन गर्नुपर्छ, द्यौताको चलन गर्नु हुँदैन भनेर मान्छेलाई मान्छेकै रूपमा हेर्दछे । उसको भनाइअनुसार मान्छे भएर द्यौता हुन खोज्नु असल होइन । त्यो मान्छेको धर्म होइन । द्यौता भएर बस्न खोज्दा मान्छे मान्छे नै हुँदैन । सुम्निमा मानिसप्रतिको धारणा यसरी प्रकट गर्छे -तिमीहरू सद्दे मानिसलाई मकुण्डो भिराइदिन्छौ, तिम्रो आमाले आफ्नो आङलाई रात-दिन त्यत्रो लामो-लामो लुगैलुगाले ढाकेर राखेको हुँदा उनलाई स्वास्नीमानिसबाट देवी-द्यौता बनाउन तिमीलाई सजिलो पर्दो हो, नत्र भने लुगामुन्तिर सबै स्वास्नी मानिसहरूमा जे-जे कुरा हुन्छन्, तिम्रो आमाको पनि त त्यै-त्यै कुरा छन् नि' हामी लुगा नै लाउँदैनौं, त्यस-उसले हामी नाङ्गी आमालाई 'माता' र 'देवी' को जस्तो देख्नै सक्तैनौं । जसलाई तिमी 'भावना' भन्छौ, त्यसलाई हामी बस्ने संसारको माटोसँग मेल नखाने अमिल्दो नबनाउ, भावना भनेको पखेटा लागेको चरो जस्तो हो । त्यो चरो छेउ न टुप्पो नभएको यो ठूलो आकाशको फुस्सामा प्वाँख हालेर मनपर्दो उड्न सक्छ, जति माथि जाउँ भन्यो उति नै माथि पुग्न सक्छ । हामीले त धरतीसँगको नाता गाँस्नुपर्छ । मान्छे भएपछि मान्छेकै चाल-चलनमा बाँधिएर बस्नुपर्छ । सुम्निमालाई धेरै कुरा थाहा छैन । मानसभित्र मनुवा

बस्छ, तिनीहरूलाई छासमिस गर्नु हुन्न, तिनीहरूको भिन्नाभिन्नै थान्को छ । सुम्निमा स्नेहको भाव लिएर सोमदत्तलाई भेट्न आउँथिई । उसले सजिलैसित आफ्नो अज्ञानतालाई स्वीकार गरेको पाइन्छ । ऊ कहिलेकाहीँ ढिपी समातेर बहस गर्न थाल्थी । उसमा पश्चात्तापी भावना पनि छ । सोमदत्तको चित्त दुखाउन सुम्निमाले कहिल्यै चाहिन । आफ्नो कुराले सोमदत्तले चित्त दुखाएको चाल पाएर आफैलाई धिक्कार्छे र क्षमायाचना गर्छे । साथै सोमदत्तलाई शान्त पार्ने काम पनि गर्छे । आफ्नो सौन्दर्यको वर्णन गरी सोमदत्तको ध्यान आकर्षण गर्ने र मोहित पार्ने काममा पनि सुम्निमा चतुर देखिन्छे । ऊ नग्न छ तापनि प्राकृतिक रूप लावण्यले सिङ्गारिएकी छे । उसलाई लाली गुराँसँको रातो फूल ज्यादै मनपर्छ । ऊ आफ्नो शरीरलाई लुगाले ढाकेर कृत्रिम बन्न लाज लाग्छ, त्यसैले सोमदत्तले आफ्नो नग्न शरीर ढाक्ने गर भन्दा टाउकामा लगाएको फूल समातेर सङ्कोच मान्छे । सोमदत्तलाई उसले भित्री हृदयदेखि नै आफ्नो बनाएकी छे । सोमदत्तले हप्काएर मेरो दृष्टिबाट अदृश्य होऊ भन्दा व्यङ्ग्योक्तिका भाषामा यदि तिम्रो आत्मा नै शरीर विकासका लागि छेकबार हुन गएके छ भने नि भनेर प्रश्न गर्छे । ऊ आफ्नो क्षणिक शरीरलाई जोगाएर राख्नुपर्छ, यो फूलजस्तो राम्रो छ, यसलाई भोगिहाल्नुपर्छ भनेर भौतिक सुख लिन र परमानन्द प्राप्तिका लागि सदा तप्पर भइरहन्छे । सोमदत्तले उसको भावनाको कदर नगरी तिरस्कार गरेपछि ऊ दुःखले विह्वल बन्छे र सरासर घर गएर आमाका अगाडि धुँक्क-धुँक्क गरेर रुन थाल्छे । समग्रमा सुम्निमा स्वच्छन्द प्रकृतिकी नारी हो । उसले बालसखा ब्राह्मण पुत्र सोमदत्तलाई अन्तर्हृदयबाट नै रोजेकी थिई । सोमदत्तबाट तिरस्कृत भएपछि व्यथित हुन्छे तापनि उसले कहिल्यै सोमदत्तलाई तिरस्कार गरिन । सोमदत्तले बिछोडपछि व्याकुल बनेकी सुम्निमाले अर्कै केटासित विवाह गरेर छोरी पाए पनि सोमदत्तलाई अन्तर्हृदयबाट नै प्रेम गरेको कुरा उसले मनुवा-दहमा लगेर सेवा गरेबाट स्पष्ट हुन्छ । ऊ स्वच्छन्द छे तर अनाचारी र पथभ्रष्ट छैन । उसले आफ्नो धर्म, संस्कृति र परम्परालाई अक्षुण्ण राखेकी छे । ऊ मान्छेलाई मान्छेको रूपमा र देवी-देवतालाई  देवी-देवताको थान्कोमा सम्मान गर्ने आदर्श चरित्र हो । ऊ आफ्नो धर्म र संस्कारको रक्षा गर्दा अर्काको धर्म र संस्कारमाथि खलल नपुऱ्याउने महिमामण्डित चरित्र हो । ऊ सोमदत्तसँग बसेर खान पाउँदा खुशीले फुरुङ बन्छे । ऊ सोमदत्त बिरामी परेको खबर सुन्नासाथ आश्रममा आएर दुःख व्यक्त गर्छे । उसको मृत्युमा दुई थोपा आँसु चुहाएर भावविह्वल बन्छे । यसरी सुम्निमाको चारित्रिक विकासमा सफल गृहिणी, वात्सल्यमयी आमा र आदर्श प्रेमिकाका रूपमा चित्रण गरिएको छ । ऊ मानवतावादी चरित्र हो । सोमदत्तको टुहुरो छोरोलाई आफ्नो घरमा लगेर पाल्छे । सुम्निमा किरात धर्म र संस्कृतिको धरोहर हो । उसकै माध्यमबाट किराँती सभ्यताको परिचय दिइएको छ । सुम्निमाको चरित्र विकासमा कुनै प्रकारको अभाव देखिदैन । ऊ सहनशील, शान्त र कर्तव्य पथमा निरन्तर लागिरहने आदर्श चरित्र हो ।

अन्य पात्रहरूमा बिजुवाको महत्त्वपूर्ण स्थान रहेको छ । बिजुवा किरातहरूका गुरु हुन् । उनको सफल नेतृत्वमा किरात वंशको अभ्युदय  भएको देखाइएको छ । आफ्नो धर्म र संस्कृतिको संरक्षण गरी वंश विनाशलाई रोक्ने जुन धारणा यस उपन्यासमा व्यक्त गरिएको छ । त्यसबाट उनी शान्तिवादी एवम् मानवतावादी व्यक्तित्वका रूपमा चित्रित छन् । आर्यहरूबाट दमन गरिएका पीडित वर्गको रक्षार्थ उनी युद्ध होइन शान्तिको पक्षधर देखिन्छन् । भिल्ल केटो अचानक देखापरे पनि युद्धको पक्षधर देखिन्छ । ऊ अन्याय र अत्याचार सहन हुन्न, बरु जाति विनाश भए पनि समर रचाएर बदलाको भाव राख्ने विद्रोही चरित्र हो । पुलोमा आर्य संस्कृतिमा हुर्किएकी व्यभिचारी चरित्र हो । बाल्यकालमा भिल्ल केटोलाई मन पराएकी आमाबाबुका काबुमा परेर सुमार्गमा आए पनि अन्तमा भिल्ल-भिल्ल भन्दै भिल्ल युवकलाई सम्झिन पुग्छे । सोमदत्तका बाबुआमा आर्य परम्परालाई कायम राख्ने छोरालाई कठोर अनुशासनमा राख्ने अनुदारवादी प्रवृत्तिका व्यक्ति पात्र हुन् । यहाँ सोमदत्तको छोरो र सुम्निमाकी छोरीलाई सोमदत्त र सुम्निमाबाट असफल भएको प्रेमलाई प्रतीकात्मक रूपमा सफल बनाउन सोद्देश्यमूलक ढङ्गले उभ्याइएको छ । यसरी यस उपन्यासमा प्रयुक्त सम्पूर्ण पात्रको सफल कार्यव्यापारबाट औपन्यासिक घटनाले चरमोत्कर्षता प्राप्त गरेको छ ।

**परिवेश**

यस उपन्यासको समयले लामो अन्तराललाई परिवेशगत रूपमा समेटेको छ । दुई भिन्न सभ्यता र जीवन पद्धति भएका पात्रको चारित्रिक विकासमा उपन्यासकारले ग्रामीण परिवेश, धार्मिक, सांस्कृतिक वातावरण एवम् वैयक्तिक जीवनका विविध घटनालाई परिवेश बनाएका छन् । दुई भिन्न संस्कृति भएका पात्रहरूको सङ्गमस्थल बनेको विवेच्य उपन्यासमा चतरास्थित वराह क्षेत्रको कोशी नदीलाई धार्मिक र सांस्कृतिक दृष्टिले कार्यक्षेत्र बनाएर पात्रहरूको तीन पुस्ता गालेको घटना चित्रण गरिएको छ । आर्य सभ्यताको कर्मकाण्ड, विद्याभ्यास एवम् कठोर अनुशासन, तपसचर्या, ईर्ष्यालु प्रवृत्ति, किरात वंशको उदार मनोभावना एवम् उन्मुक्तता, घटनाको विश्वासिलो विकासक्रम, पात्रगत शारीरिक र मानसिक तनाव, यौन कुण्ठा तथा उदार भावना, कोशी नदीको जल प्रवाह, हिंसा, हत्या, जप, तप, ब्रह्मचर्य, प्रकृतिको अनुपम सौन्दर्य एवम् मनुवा दहको एकान्तिकता र कुतूहलमय वातावरण, अनुष्ठान, यौन उत्तेजना, विवाह,

व्रतबन्ध, मृत्यु संस्कार यावत् प्रवृत्तिलाई यस उपन्यासमा परिवेशगत रूपमा चित्रण गरिएको छ।

**उद्देश्य**

आर्य अनार्य दुई बेग्लै संस्कृतिको अपूर्व सङ्गम बनेको सुम्निमा उपन्यासमा उपन्यासकारले समन्वयवादी दृष्टि राखेका छन्। अति कल्पनालोकमा विचरण गरेर धर्तीलाई अपहेलना गर्ने आर्य वंशको कठोर अनुशासन र भौतिक सुख सुविधामा जीवन देख्ने किराती संस्कृतिको समन्वय गरी मानवतावादी भावनालाई विकसित गरी विश्व शान्तिको सन्देश प्रवाह गर्नु एवम् मानवीय उत्थानमा गति प्रदान गर्नु औपन्यासिक उद्देश्य देखिन्छ। उपन्यासकारले कठोर तपस्या गरी शरीर नियन्त्रणद्वारा वाञ्छित फल प्राप्त गर्न नसकिने यथार्थ अभिव्यक्ति सोमदत्तको जीवन तरित्‌बाट प्रस्तुत गरेका छन्। भौतिक सुख सुविधामा सधैं रमाउने सुम्निमाको जीवनबाट मानवीय अस्तित्व कायम गरी सदा सुखी जीवन बिताउन र परोपकारमा तल्लीन रहन सबैलाई आग्रह गरेको पाइन्छ। लेखकीय उद्देश्यलाई प्रतिपादन गर्न र मानव कल्याणका लागि सजग रहन बिजुवा बूढालाई अघि सारी जातीय संवर्द्धनको सन्देश पाइन्छ। यसर्थ मानवतावादी भावनाले ओतप्रोत भएका उपन्यासकार कोइरालाको सांस्कृतिक अवधारणा, विश्व मानवको कल्याणकारी भावना एवम् यौनपरक चिन्तनलाई प्रतिपादन गर्न र लेखकीय अभिव्यक्ति स्पष्ट पार्नका लागि प्रस्तुत उपन्यास सक्षम देखिन्छ। यसमा दर्शनको गहनता पाइन्छ। यो हिन्दु दर्शन र किरात दर्शनमा आधारित समन्वयवादी उपन्यास हो।

**भाषाशैली**

औपन्यासिक विषयको माध्यम भाषा गद्यमा लेखिन्छ। यो गद्यभाषामा लेखिएको विचारप्रधान उपन्यास हो। गद्यभाषाका माध्यमबाट उपन्यासकारले प्रतिपाद्य विषयलाई सशक्त रूपमा प्रस्तुत गरेका छन्। विषयवस्तुको प्रस्तुतीकरण, चरित्रचित्रण र परिवेश सृजनामा उपन्यासकारले सशक्तता अपनाएका छन्। त्यसैले उक्त विषयवस्तुको प्रस्तुतीकरणको माध्यम भाषा सघन, सशक्त र सुगठित देखिन्छ। प्रतिपाद्य विषयवस्तुलाई व्यक्त रूपमा प्रकट नगरी उपन्यासकारले अव्यक्त वा प्रतीक योजनाका निकै गहन भूमिका निर्वाह गरेका छन्। सामाजिक-सांस्कृतिक परिवेश, नेपालको राजनैतिक वातावरण एवम् यौन आवेगलाई विभिन्न प्रतीक र उपमाका माध्यमबाट व्यक्त गरी उपन्यासलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ। औपन्यासिक पर्वाहमा पात्रानुकूल कथ्य र स्तरीय भाषिक रूपले प्रस्तुतीकरणमा स्वाभाविकता गुमाई कृत्रिमताको आभास पाइन्छ। सोमदत्तको भाषा संस्कृतनिष्ठ देखिन्छ तर जङ्गली, अपठित, असभ्य भनाउँदी सुम्निमाद्वारा बोलिएको भाषिक प्रयोगका कृत्रिम रूप भेटिन्छ। यी दुवै पात्रका बीच केही शब्दलाई छाड्ने हो भने सोमदत्तभन्दा सुम्निमा बढी बुझुक, संवेदनशील र बौद्धिक देखिन्छे। यस अवस्थामा उपन्यासकारले पात्रानुकूल भाषिक संयोजन नगरी कृत्रिमता देखाएका छन्। तर समग्रमा उनको भाषा परिष्कृत, परिमार्जित एवम् उपयुक्त देखिन्छ। यौन संवेगलाई उपन्यासकारले सतर्कतापूर्वक देखाउने काम गरेका छन्। पात्रको क्रियाकलापमा अश्लीलताको गन्ध पाइए पनि भाषिक प्रयोगमा उपन्यासकारले प्रतीक योजना गरी आस्वाद्य बनाएका छन्। अति पठित सोमदत्तको भाषामा संस्कृत शब्द, शब्दावलीको रूप भेटिनु स्वाभाविकै देखिन्छ। विभिन्न किसिमका प्रतीक योजनाले पाठकीय कौतूकलाई वृद्धि गरिरहेको पाइन्छ। व्याख्या, विश्लेषण एवम् घटनावलीको प्रस्तुतीकरण गर्ने शैली रोचक र आकर्षक देखिन्छ। लेखकीय हस्तक्षेप खासै अनुभव हुँदैन। घटनाको प्रतिपादन गरी लेखक तटस्थ द्रष्टाको रूपमा बसेर पात्रको सहज क्रियाकलापलाई नाटकीय रूपमा विकसित हुन दिएको हुनाले यो उपन्यास नेपाली साहित्यका सर्वोत्कृष्ट निधि बनेको छ।

**शीर्षक**

सुम्निमा नै उपन्यासकी केन्द्रीय चरित्र हो। यस उपन्यासमा आध्यात्मिक, भौतिक र मानसिक विषयवस्तुको परिपुष्ट ढङ्गले संयोजन गरिएको छ। आर्य सभ्यताको हावादारी लामो परम्पराको अवसान सोमदत्तबाट गराइएको छ। किराँतहरूको सांस्कृतिक धरोहरलाई अक्षुण्ण राख्दै आफ्नो वंश परम्परालाई जीवन्तता प्रदान गर्ने कार्यमा बिजुवालाई अघि सारिएको छ। यसरी आर्य संस्कृति र किरात संस्कृतिको मिलन गराएर सम्पूर्ण मानव सभ्यतालाई आशीर्वचन प्रदान गर्ने सुम्निमाको चारित्रिक विकास र उसको जीवनको सफलता, स्वभक्तिभाव एवम् मान्छेको अस्तित्वप्रतिको इमान्दारिताको सफल प्रस्तुतीकरण सुम्निमा उपन्यासको विषयवस्तु हो। ऊ किरात संस्कृति र आर्य सभ्यतालाई व्याख्या गर्दै भन्छे -हामी किराती माटोका प्राणी हौं, माटोसँग हाम्रो प्रेम छ। जीवनमा रमाइलो र त्यसलाई भोग गर्नमा नै हामी निमग्न रहन्छौं, यसको अभावलाई हामी देख्छौं। हाम्रा लागि शरीर नै सबै भन्दा प्यारो वस्तु छ। हामीहरूलाई बाहुनहरू धागो चुँडिएका चङ्गाजस्तो लाग्छ। उनीहरूलाई यो जीवन पूर्णताले सन्तोष हुँदैन। त्यसो हुनाले उनीहरू शून्यतालाई खोज्दै नानावली तपस्या गरिहिँड्छन्। भोगविलास र आफ्नो शरीरसम्मलाई समेत त्याग्न उनीहरू बेर मान्दैनन्। किराँतहरू मानिसभित्र मनुवाको वास हुन्छ भन्ने कुरामा विश्वस्त देखिन्थे। अन्त्यमा जीवनभरको जप, तप, व्रत आदि कार्यबाट विरक्ति लागेर सोमदत्त बिजुवालाई खोज्दै किरात

गाउँमा पुग्दा सुम्निमाले सोमदत्तलाई त्यहींको मनुवा-दहमा पुऱ्याएर उसको जर्जर शरीरको मनुवालाई जगाइदिन्छे। मनुवा प्रतीकात्मक रूपमा मानसशक्तिको अभिव्यक्ति हो। दूध र महजस्ता पौष्टिक तत्त्व र सुम्निमाको स्याहार-सुसार पाएर सोमदत्तको पुंसत्वमा विकास हुन्छ। यसरी यस उपन्यासको केन्द्रमा मनुवा-दहलाई राखिएको छ। र त्यसैको आस्था र विश्वासमा अडेकी सुम्निमाको क्रियाकलापमा औपन्यासिक घटनाले चरमोत्कर्षता प्राप्त गरेको हुनाले यो उपन्यासको शीर्षक सार्थक र स्वाभाविक देखिन्छ। यो राष्ट्रवादी भावनालाई अभिव्यञ्जनात्मक रूपमा व्यक्त गरिएको अस्तित्ववादी उपन्यास हो। व्यर्थको प्रयासमा लाग्ने सोमदत्तको निस्सार जीवनलाई निरर्थक रूपमा प्रस्तुत गरी निराशावादी भाव प्रकट गरिए पनि सुम्निमाका माध्यमबाट समन्वयवादी विचारको प्रतिपादन गरिएको छ। यदि तिमीले उसको जाति परम्परालाई बुझ्यौ र उसले हिंडिरहेको बाटोलाई पनि देख्यौ भने मेरी छोरीलाई तिमी राम्ररी बुझ्न सक्नेछौ। छोरीले पनि तिम्रा कुरा बुझेर आफ्नो बाटोलाई केही छाड्न तयार हुनुपर्छ। त्यसैले तिमीले पनि सम्झौता गर्न प्रयत्न गनुपर्छ, आफ्नो बाटोलाई केही छाड्न तयार भएर। यही नै समन्वयवादको सशक्त अभिव्यक्ति हो।

यसरी यस उपन्यासमा उपन्यासकार कोइरालाको आर्यहरूको लामो आध्यात्मिक परम्परा, वैदिक विधि, धार्मिक-सांस्कृतिक अनुष्ठान एवम् कर्मकाण्ड र शिक्षा-दीक्षा तथा किरात वंशको उन्मुक्त भौतिकवादी संस्कार, माटोप्रतिको अगाध श्रद्धाभावलाई विषय चयन गरी दुई बेग्लै संस्कृतिको अपूर्व सङ्गम गरी लेखिएको प्रस्तुत उपन्यासको शीर्षक सार्थक र स्वाभाविक देखिन्छ।

## निष्कर्ष

उपन्यासकार विश्वेशवरप्रसाद कोइरालाद्वारा लिखित सुम्निमा २०२७ सालमा प्रकाशित यौनवादी मनोविश्लेषणात्मक समन्वयवादी उपन्यास हो। यस उपन्यासमा आर्यवैशी सोमदत्त र किरात पुत्री सुम्निमाको प्रेम विषयक विषयवस्तु प्रस्तुत गरिएको छ। अति संयमित सोमदत्तको पतन र स्वच्छन्द प्रेम प्रस्ताव राख्ने सुम्निमाका छोराछोरीबीच गान्धर्व विवाह गराई समन्वयवादी दृष्टि राखी उपन्यासको अन्त्य गराइएकाले यो उपन्यास समन्वयवादी देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, चन्द्रमणि, (२०६५) *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू,* मणि पुस्तकालय।

कोइराल, कुलचन्द्र, (२०५५) *सात समालोचना* कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान।

कोइराला, खेमनाथ, (२०७०) *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* दिनालय पब्लिसर्स।

कोइराला, विश्वेश्वरप्रसाद, (२०६३) *सुम्निमा,* साझा प्रकाशन।

पौड्याल, कृष्णविलास, (२०६१), *नेपाली आख्यान र नाटक,* काठमाण्डु, नवीन प्रकाशन।

पौड्याल, कृष्णविलास, (२०६५), *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला,* काठमाण्डु, नवीन प्रकाशन ,

पौड्याल, कृष्णविलास, (२०७३), *विश्वश्वरप्रसाद कोइरालाको आख्यानकारिता,* काठमाण्डु, कालिञ्चोक पुस्तक प्रकाशन प्रा.लि.।